# बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक

२०८२

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

## उद्देश्य र कारण

नेपालको संविधानले बालबालिकाको सर्वोत्तम हित कायम गर्ने गरी राज्यका नीतिहरूलाई निर्देशित गरेको छ । बालबालिकाका लागि संविधान प्रदत्त मौलिक हकको प्रचलन, संरक्षण र प्रवर्धन गर्नका लागि बालबालिका सम्बन्धी ऐनका कतिपय प्रावधानहरूमा समसामयिक रूपमा परिमार्जन गर्न आवश्यक रहेको छ । बालबालिका सम्बन्धी ऐनमा रहेका मुलतः बालन्याय प्रणालीमा बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि कानूनको विवादमा रहेका बालबालिकाहरूको बाल संवेदनशीलतालाई मनन गर्दै बालन्याय प्रणालीलाई सहज, सरल र बालमैत्री बनाउन साथै बाल संरक्षण प्रणालीलाई सुदृढ एवं संस्थागत गर्दै बाल अधिकारका सवै पक्षलाई सन्तुलन कायम गर्न आवश्यक परेकोले बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक संघीय संसद समक्ष पेश गर्नु परेको हो।

## <u>सैद्धान्तिक अवधारणा</u>

बालबालिका सम्बन्धी ऐनमा भएका कतिपय शब्दावली, व्याकरण तथा आनुसाङ्गिक सुधार गर्न तथा बालबालिकाको सर्वोत्तम हित कायम गर्नका लागि कानूनको विवादमा परेका बालबालिकाको बाल संवेदनशीलता समेतलाई विचार गरी बालन्याय प्रणालीलाई सरल, सहज तथा बालमैत्री बनाउन आवश्यक भएकोले सरोकारवाला निकायको राय परामर्श समेतको आधारमा प्रस्तुत संशोधन विधेयकको मस्यौदा तयार भएको र बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषदबाट संघीय संसदमा पेश गर्न मिति २०८२/१/७ मा स्वीकृति प्राप्त भएकोले प्रस्तुत विधेयक पेश गरिएको छ ।

## आर्थिक टिप्पणी

बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा रहेको र प्रस्तुत विधेयकमा नेपाल सरकारलाई थप आर्थिक भार पर्ने कुनै संरचना वा कार्यक्रमको प्रस्ताव नगरिएकोले प्रस्तावित संशोधनका विषय हाल विद्यमान प्रशासनिक तथा साँगठनिक संरचनाबाट नै कार्यान्वयन गर्न सकिने भएकोले यस संशोधन विधेयकबाट नेपाल सरकारलाई कुनै थप दायित्व पर्ने अवस्था देखिदैन ।

# व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस ऐनको नाम "बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ र यो ऐन प्रमाणिकरण भए पछि तुरुन्त प्रारम्भ हुनेछ। |
| २ | बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा संशोधन | आमाको मृत्यु भएको अवस्थामा परिवारको अन्य सदस्य वा संरक्षकले आमाको नाम उल्लेख गरी जन्मदर्ता गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ३ | मूल ऐनको दफा ५ मा संशोधन | व्याकरण तथा केही आनुसाङ्गिक सुधार गरिएको छ । |
| ४ | मूल ऐनको दफा ७ मा संशोधन | व्याकरण तथा अनुसाङ्गिक सुधार गरिएको छ । |
| ५ | मूल ऐनको दफा ११ मा संशोधन | व्याकरण तथा अनुसाङ्गिक सुधार गरिएको छ । |
| ६ | मूल ऐनको दफा २४ मा संशोधन | कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्न सकिने व्यवस्था गरिएको छ । |
| ७ | मूल ऐनको दफा २७ मा संशोधन | बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसारको दिशान्तरको दायरालाई फराकिलो पार्ने व्यवस्था गरिएको । |
| ८ | मूल ऐनको दफा २८ मा संशोधन | जतिसुकै सजाय हुने कसुरजन्य अभियोग लागेका बालबालिकालाई पनि दिशान्तर गर्न सकिने गरी दिशान्तरको दायरालाई फराकिलो पार्ने व्यवस्था गरिएको । |

| | | |
|---|---|---|
| ९ | मूल ऐनको दफा २९ मा संशोधन | दिशान्तर सम्बन्धी अभिलेखीकरणलाई व्यवस्थित गर्न अनुसन्धान अधिकारी वा सरकारी वकीलले दिशान्तर गरेकोमा तालुक निकाय, सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समिति तथा बाल अदालतले दिशान्तर गरेकोमा केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालतलाई जानकारी गराउनुपर्ने व्यवस्था राखिएको छ । |
| १० | मूल ऐनको दफा ३० मा संशोधन | बालबालिका सहित उमेर पुगेको व्यक्ति समेत संलग्न रहेको मुद्दा फरक फरक अदालत/ईजलासबाट सुनुवाई हुँदा न्याय सम्पादनमा ढिला हुने भएकोले बालबालिका संलग्न रहेको मुद्दा बाल अदालतबाटै कारवाही, सुनुवाई र किनारा लगाउनु पर्ने व्यवस्था गरिएको । |
| ११ | मूल ऐनको दफा ३६ मा संशोधन | वालबालिकालाई हुने सजायमा न्यूनतम सजाय गर्न उपयुक्त देखिएकोले बालबालिकालाई अधिकतम सात बर्षभन्दा बढि सजाय नहुने गरी व्यवस्था गरिएको साथै बाल अदालतको आदेश बमोजिम तिर्नु पर्ने क्षतिपूर्तिको रकम बालबालिकाले तिर्न नसकेमा सो बापत निजलाई बाल सुधार गृहमा राख्न नपर्ने व्यवस्था थप गरिएको छ। |
| १२ | मूल ऐनको दफा ३८ मा संशोधन | कसुरजन्य अभियोगमा सजाय पाईरहेका बालबालिकालाई सम्बन्धित बालकल्याण अधिकारी वा बालसुधार गृहको प्रमुखले आधार सहित सजाय छुट वा घटाउनका लागि बाल अदालतमा सिफारिस गर्ने र बाल अदालतले बाँकी सजाय अवधि घटाउन वा छुट दिन सक्ने व्यवस्था गरिएको । साथै बालसुधार गृहमा रहेका बालबालिका वा व्यक्तिका लागि बालसुधार गृह प्रमुखले प्यारोल सुविधाका लागि प्रोवेशन तथा प्यारोल बोर्डमा सिफारिस गर्न सक्ने व्यवस्था गरिएको । |
| १३ | मूल ऐनमा दफा ४२क. थप | बालसुधार गृहमा अठार वर्षको व्यक्ति भएमा र निजले फौजदारी कसुरजन्य कुनै कार्य गरेमा निजलाई अनुसन्धानका लागि प्रहरी हिरासतमा लैजान र अनुसन्धान भई अभियोजन भएमा धरौटी तथा जमानत माग गर्न तथा कैदमा राख्नका लागि कारागार पठाउन सकिने व्यवस्था थप गरिएको । |
| १४ | मूल ऐनको दफा ४३ मा संशोधन | बालसुधार गृहको बालबालिकाको सुरक्षालाई मध्यनजर गरी सुरक्षा चुनौति देखिएमा बालसुधार गृह भित्र आवश्यकतानुसार प्रहरीले अन्तिम उपायको रूपमा न्युनतम बल प्रयोगको सिद्धान्त बमोजिम सुरक्षा कारबाही गर्न सक्ने व्यवस्था गरिएको । |

| | | |
|---|---|---|
| १५ | मूल ऐनमा दफा ४३क. थप | बालसुधार गृहमा रहेका बालबालिका अठार बर्ष उमेर पुरा भई निजमा सकरात्मक सुधार नआएको र निजको व्यवहारका कारण बालसुधार गृहमा राखिराख्न उपयुक्त नलागेमा बालसुधार गृह प्रमुखको सिफारिसमा सम्वन्धित प्रमुख जिल्ला अधिकारीले नजिकको कारागारमा पठाउन सक्ने र सो को जानकारी सम्बन्धित बाल अदालतलाई दिनुपर्ने व्यवस्था गरिएको । |
| १६ | मूल ऐनको दफा ४४ मा संशोधन | बदलिदो परिस्थितिलाई सम्बोधन गर्न "नशालु पदार्थ" भन्ने शब्दहरुको ठाउँमा "नशालु पदार्थ वा लागू औषध" भन्ने शब्दहरू राखिएका छन्। |
| १७ | मूल ऐनको दफा ४८ मा संशोधन | सामान्य आनुसाङ्गिक सुधार गरिएको । |
| १८ | मूल ऐनको दफा ५६ मा संशोधन | सामान्य आनुसाङ्गिक सुधार गरिएको । |
| १९ | मूल ऐनको दफा ५८ मा संशोधन | थप स्पष्ट पार्न आवश्यक रहेकोले स्थानीय तहको बालअधिकार समिति" भन्ने शब्दहरू झिकिएका छन्। |
| २० | मूल ऐनको दफा ६० मा संशोधन | बालअधिकार सम्बन्धमा स्थानीय बाल अधिकार समिति बालबालिकाका सवालमा सवैभन्दा महत्वपुर्ण र प्रभावशाली संयन्त्र हुनुपर्नेमा स्थानीय बालअधिकार सम्बन्धी हालको व्यवस्थाले बालअधिकार समिति गठनमा द्विविधा उत्पन्न भएको र गठन भएका समितिहरू समेत प्रभावकारी नदेखिएकोले सम्बन्धित स्थानीय तहको प्रमुखको संयोजकत्वमा नै स्थानीय बालअधिकार समिति गठन हुनुपर्ने व्यवस्था गरिएको । |
| २१ | मूल ऐनको दफा ६५ मा संशोधन | बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको हक हित सम्बन्धी सबै विषयको अधिकारक्षेत्र बाल अदालतलाई हुने कानूनी व्यवस्था रहेको र उच्च अदालतले पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गर्ने भएकोले उच्च अदालतमा सिधै निवेदन लाग्ने व्यवस्थाको सट्टा बाल अदालतमा निवेदन दिने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले ठाउँ ठाउँमा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "बाल अदालत" भन्ने शब्दहरू राखिएका छन। |

| | | |
|---|---|---|
| २२ | मूल ऐनको दफा ७३ मा संशोधन | बालबालिकाले कुनै कसूरजन्य कार्य गरी क्षतिपूर्ति तिर्न नसकि बालसुधार गृहमा नै बस्नुपर्ने अवस्थालाई सुधार गर्न आवश्यक देखिएकोले पीडित बालबालिका भए बाल कोषबाट र पीडित वयस्क व्यक्ति भएमा निजलाई प्रचलित कानून बमोजिमको पीडित राहत कोषबाट क्षतिपूर्ति भराईदिन सक्ने व्यवस्था गरिएको । |
| २३ | मूल ऐनको दफा ८३ मा संशोधन | बालबालिकाको जन्म मितिमा एकरूपता कायम गर्न मिलाईएको छ । |

# <u>बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक</u>

<u>प्रस्तावनाः</u> बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसद्ले यो ऐन बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "बालबालिका सम्बन्धी (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४ मा संशोधनः</u> बालबालिका सम्बन्धी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा (३) मा रहेका "आमाको नाम मात्र उल्लेख गरी" भन्ने शब्दहरु पछि "वा आमाको मृत्यु भएको अवस्थामा परिवारको अन्य सदस्य वा संरक्षकले आमाको नाम उल्लेख गरी" भन्ने शब्दहरू राखिएका छन्।

३. <u>मूल ऐनको दफा ५ मा संशोधनः</u> मूल ऐनको दफा ५ को उपदफा (२) मा रहेका "छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी" भन्ने शब्दहरूको सट्टा "छोरा छोरी, छोरा छोरा वा छोरी छोरी" भन्ने शब्दहरू राखिएका छन्।

४. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को उपदफा (६) मा रहेको "तिनीहरूको" भन्ने शब्द झिकिएको छ।

५. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को उपदफा (३) मा रहेका "बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट" भन्ने शब्दहरू झिकिएका छन्।

६. <u>मूल ऐनको दफा २४ मा संशोधनः</u> मूल ऐनको दफा २४ कोउपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्न बाधा पर्ने छैन।"

७. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) को खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन्ः-

"(क) दश हजार रुपैयाँसम्म बिगो भएको वा दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,

(ख) तीस हजार रुपैयाँसम्म बिगो भएको वा तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले,"

(२) उपदफा (२) झिकिएको छ।

८. <u>मूल ऐनको दफा २८ मा संशोधनः</u> मूल ऐनको दफा २८ को खण्ड (ग) झिकिएको छ।

९. <u>मूल ऐनको दफा २९ मा संशोधनः</u> मूल ऐनको दफा २९ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (१) बमोजिम दिशान्तर गरेकोमा सोको जानकारी देहाय बमोजिमको निकायलाई दिनु पर्नेछः-

(क) अनुसन्धान अधिकारी वा सरकारी वकीलले दिशान्तर गरेकोमा तालुक निकाय, सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समिति,

(ख) बाल अदालतले दिशान्तर गरेकोमा केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालत।"

१०. **<u>मूल ऐनको दफा ३० मा संशोधनः</u>** मूल ऐनको दफा ३० को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेको व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दा बाल अदालतबाट कारबाही, सुनुवाई र किनारा गर्नु पर्नेछ।"

११. **<u>मूल ऐनको दफा ३६ मा संशोधनः</u>** मूल ऐनको दफा ३६ को,-

(१) उपदफा (१) मा रहेका "दश वर्षभन्दा" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्षभन्दा" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "दश वर्ष" भन्ने शब्दहरूको सट्टा "बाह्र वर्ष" भन्ने शब्दहरू राखी सोही उपदफामा रहेका "कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्।

(३) उपदफा (३) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।"

(४) उपदफा (४) को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको दुई तिहाई सजाय गर्दा सात वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।"

(५) उपदफा (४) पछि देहायका उपदफा (४क) थपिएको छः-

"(४क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतको आदेश बमोजिम तिर्नु पर्ने क्षतिपूर्तिको रकम बालबालिकाले तिर्न नसकेमा सो बापत निजलाई बाल सुधार गृहमा राखिने छैन।"

(६) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छः-

"(५क) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२), (३) वा (४) बमोजिम सजाय ठहर भएको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानून बमोजिम कैदमा पठाउनु पर्नेछ।"

१२. **<u>मूल ऐनको दफा ३८ मा संशोधन</u>**ः मूल ऐनको दफा ३८ को सट्टा देहायको दफा ३८ राखिएको छः-

"३८. **<u>सुधार अवधि घटाउन, छुट दिन वा प्यारोलमा राख्न सकिनेः</u>** (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन उपयुक्त हुने देखेमा बाल सुधार गृहमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले र अन्य कुनै

संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल कल्याण अधिकारीले देहायका विवरण तथा कागजात संलग्न गरी बाल अदालतमा सिफारिस गर्न सक्नेछः-

(क) बानी, व्यहोरा र आचरणमा आएको सुधार,

(ख) आर्जन गरिरहेको सीप वा शिक्षाको निरन्तरता,

(ग) निरन्तर रूपमा उपचार गराई राख्नु पर्ने दीर्घ वा कडा रोग वा निको नहुने रोग लागेको भनी नेपाल सरकारबाट मान्यताप्राप्त चिकित्सकको सिफारिस,

(घ) समाज तथा परिवारप्रति निजको सकारात्मक धारणा,

(ङ) व्यतित गर्न बाँकी रहेको सुधार अवधि।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखेमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ।

(३) कुनै पनि कसूरजन्य कार्य गरी बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृहमा रहेको बालबालिका वा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई प्यारोलको सुविधा दिन उपयुक्त देखेमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले उपदफा (१) बमोजिमको विवरण तथा कागजात संलग्न गरी प्रचलित कानून बमोजिमको प्रोवेशन तथा प्यारोल बोर्ड समक्ष सिफारिस गर्न सक्नेछ।"

१३. **<u>मूल ऐनमा दफा ४२क. थपः</u>** मूल ऐनको दफा ४२ पछि देहायको दफा ४२क. थपिएको छः-

"४२क. **<u>प्रहरी हिरासतमा राख्न सकिनेः</u>** (१) दफा ४२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बाल सुधार गृहमा रहेको अठार वर्ष उमेर पूरा भएको व्यक्तिले प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने कुनै कार्य गरेमा अनुसन्धानको लागि अदालतको अनुमतिमा प्रहरी हिरासतमा राख्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि हिरासतमा राखिएको व्यक्ति उपर अनुसन्धान सम्पन्न भई अभियोजन भएमा अदालतले प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा कैदमा राख्नको लागि कारागारमा पठाउन सक्नेछ।"

१४. **<u>मूल ऐनको दफा ४३ मा संशोधनः</u>** मूल ऐनको दफा ४३ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) बाल सुधार गृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न वा बल प्रयोगको सिद्धान्त बमोजिम न्यूनतम बल प्रयोग गर्न सक्नेछ।

तर त्यस्तो बलको प्रयोग अन्तिम उपायको रूपमा मात्र गर्न पाइनेछ।"

१५. **<u>मूल ऐनमा दफा ४३क. थपः</u>** मूल ऐनको दफा ४३ पछि देहायको दफा ४३क. थपिएको छः-

"४३क. **<u>कारागारमा पठाउन सिफारिस गर्न सक्नेः</u>** (१) बाल सुधार गृहमा रहनु पर्ने अवधि पूरा नहुँदै त्यस्तो गृहमा रहेको बालबालिकाको उमेर अठार वर्ष पूरा भएमा र निजमा सकारात्मक सुधार आएको नदेखिएमा वा निजको व्यवहारको कारणले बाल सुधार गृहमा राखिराख्न नसकिने भएमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले त्यस्तो व्यक्तिलाई

कारागारमा पठाउनको लागि बाल सुधार गृह रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन मनासिब देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नजिकको कारागारमा पठाउनेछ।

(३) उपदफा (२) बमोजिम कारागारमा पठाइएको जानकारी बाल सुधार गृहको प्रमुखले सात दिनभित्र सम्बन्धित बाल अदालतलाई दिनु पर्नेछ।"

१६. **मूल ऐनको दफा ४४ मा संशोधनः** मूल ऐनको दफा ४४ को उपदफा (१) मा रहेका "नशालु पदार्थको" भन्ने शब्दहरूको सट्टा "नशालु पदार्थ वा लागू औषधको" भन्ने शब्दहरू राखिएका छन्।

१७. **मूल ऐनको दफा ४८ मा संशोधन:** मूल ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (घ) मा रहेका "कानूनी विवादमा परेका" भन्ने शब्दहरूको सट्टा "कानूनको विवादमा परेका" भन्ने शब्दहरू राखिएका छन्।

१८. **मूल ऐनको दफा ५६ मा संशोधन:** मूल ऐनको दफा ५६ को उपदफा (१) मा रहेका "अन्तिम जिम्मेवार" भन्ने शब्दहरूको सट्टा "पूर्ण जिम्मेवार" भन्ने शब्दहरू राखिएका छन् ।

१९. **मूल ऐनको दफा ५८ मा संशोधनः** मूल ऐनको दफा ५८ को उपदफा (२) मा रहेका "र स्थानीय तहको बाल अधिकार समिति" भन्ने शब्दहरू झिकिएका छन्।

२०. **मूल ऐनको दफा ६० मा संशोधन:** मूल ऐनको दफा ६० को उपदफा (२) मा रहेका "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा" भन्ने शब्दहरूको सट्टा "सम्बन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा" भन्ने शब्दहरू राखिएका छन्।

२१. **मूल ऐनको दफा ६५ मा संशोधनः** मूल ऐनको दफा ६५ को ठाउँ ठाउँमा रहेका "उच्च अदालत" भन्ने शब्दहरूको सट्टा "बाल अदालत" भन्ने शब्दहरू राखिएका छन्।

२२. **मूल ऐनको दफा ७३ मा संशोधनः** मूल ऐनको दफा ७३ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले कुनै कसूरजन्य कार्य गरी क्षतिपूर्ति तिर्न नसक्ने अवस्था भएमा पीडित बालबालिका भए निजलाई दफा ६३ बमोजिमको बाल कोषबाट क्षतिपूर्ति भराई दिइनेछ र पीडित वयस्क व्यक्ति भएमा निजलाई प्रचलित कानून बमोजिमको पीडित राहत कोषबाट क्षतिपूर्ति भराई दिइनेछ।"

२३. **मूल ऐनको दफा ८३ मा संशोधनः** मूल ऐनको दफा ८३ को,-

(१) खण्ड (क) झिकिएको छ।

(२) खण्ड (ख) मा रहेका "खण्ड (क) बमोजिमको जन्म मिति नभएमा" भन्ने शब्दहरू झिकिएका छन्।

## बालबालिका सम्बन्धी ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकको तीन महले विवरण

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | दफा ४ को उपदफा (३) | जबरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ । | "आमाको नाम मात्र उल्लेख गरी" भन्ने शब्दहरू पछि "वा आमाको मृत्यु भएको अवस्थामा परिवारको अन्य सदस्य वा संरक्षकले आमाको नाम उल्लेख गरी" भन्ने शब्दहरू राखिएका छन्। | आमाको मृत्यु भएमा वा अन्यत्र गएमा बालबालिकाको नाम, राष्ट्रियता र पहिचानको अधिकार सुनिश्चित गर्नुपर्ने भएकोले। |
| २. | दफा ५ को उपदफा (२) | कसैले पनि बालबालिकाको पालनपोषण, शिक्षा वा स्वास्थ्योपचारमा छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी वा अघिल्लो पति वा पत्नी वा पछिल्लो पति वा पत्नीबाट जन्मेको छोराछोरीका बीच कुनै भेदभाव गर्नु हुँदैन । | "छोरा छोरी, छोरा, छोरा वा छोरी, छोरी" भन्ने शब्दहरुको सट्टा "छोरा छोरी, छोरा छोरा वा छोरी छोरी" भन्ने शब्दहरु राखिएका छन् । | छोरा छोरीका बीच हुने भेदभावको व्याकरण मिलाउनुपर्ने भएकोले । |
| ३. | दफा ७ को उपदफा (६) | प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा तिनीहरूको शिक्षामा बाधा अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट | "तिनीहरूको" भन्ने शब्द झिकिएका छन्। | भाषा मिलाउनुपर्ने भएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| | | संरक्षित हुन पाउने अधिकार हुनेछ | | |
| ४. | दफा ११ को उपदफा (३) | बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा **अन्य निकायबाट** कसूरजन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्नु पर्नेछ । यसरी गोप्य राखिएको बालबालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन। | “बाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट” भन्ने शब्दहरू झिकिएका छन्। | कसूर जन्य कार्यको आरोप लागेका वा पीडित बालबालिकाको पहिचान खुल्ने विवरण गोप्य राख्न उपयुक्त हुने हुनाले । |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| ५. | दफा २४ को उपदफा (६) | नयाँ व्यवस्था थप गरिएको । | "(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कसूरजन्य कार्यको अभियोग लागेको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा मुद्दाको पुर्पक्षको लागि थुनामा राख्न बाधा पर्ने छैन।" ” | कसूरजन्य कार्यको आरोप वा अभियोग लागी फरार वा सम्पर्कमा नआउने र लामो अवधि पश्चात वयस्क अवस्थामा पुगेपछि मात्र फेला पर्ने वा अदालतमा हाजिर हुन आउने प्रवृतिलाई निरुत्साहित गर्न र अदालतलाई स्वविवेकीय अधिकार प्रदान गर्न उपयुक्त देखिएकोले। |
| ६. | दफा २७ को उपदफा (१) को खण्ड (क) र (ख) | (क)पाँच हजार सम्म विगो भएको वा दुई हजार रुपैया सम्म जरिवाना वा एक महिनासम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,<br><br>ख) दश हजार रुपैया सम्म विगो भएको वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा तीन बर्षसम्म कैद हुन सक्नेमा सरकारी वकिलले, | (क) दश हजार रुपैयाँसम्म बिगो भएको वा दश हजार रुपैयाँसम्म जरिबाना वा एक वर्षसम्म कैद हुन सक्नेमा अनुसन्धान अधिकारीले,<br><br>(ख) तीस हजार रुपैयाँसम्म बिगो भएको वा तीस हजार रुपैयाँसम्म जरिबाना वा तीन वर्षसम्म कैद हुन सक्नेमा सरकारी वकीलले," | बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्न |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | | | | उपयुक्त देखिएकोले। |
| ७. | दफा २७ को उपदफा (२) | उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि **तीन वर्ष** वा सोभन्दा बढी कैद सजाय हुने मुद्दामा बालबालिकालाई दिशान्तर गर्न सकिने छैन । | झिकिएको छ । | बालबालिकालाई औपचारिक न्यायिक प्रक्रियाबाट अलग गर्न दिशान्तर सम्बन्धी हाल विद्यमान कानूनी व्यवस्था अनुसार सो दायरामा पर्ने कसूरजन्य कार्य नगण्य मात्रामा रहेकोले दिशान्तरको दायरालाई फराकिलो पार्न उपयुक्त देखिएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| ८. | दफा २८ को खण्ड (ग) | पीडित पक्षको यथासम्भव पुर्नस्थापना हुने गरी निजको सहमति प्राप्त भएको, | झिकिएको छ । | दिशान्तरणको सहजताका लागि। |
| ९. | दफा २९ को उपदफा (५) | उपदफा (१) बमोजिम अनुसन्धान अधिकारी, सरकारी वकील वा बाल अदालतले बालबालिकालाई दिशान्तर गरेको जानकारी आफ्नो माथिल्लो निकाय र बाल अदालतलाई दिनुपर्नेछ। | "(५) उपदफा (१) बमोजिम दिशान्तर गरेकोमा सोको जानकारी देहाय बमोजिमको निकायलाई दिनु पर्नेछः-<br>(क) अनुसन्धान अधिकारी वा सरकारी वकीलले दिशान्तर गरेकोमा तालुक निकाय, सम्बन्धित बाल अदालत र केन्द्रीय बाल न्याय समिति,<br>(ख) बाल अदालतले दिशान्तर गरेकोमा केन्द्रीय बाल न्याय समिति र सम्बन्धित उच्च अदालत।" | यस दफामा देखिएको अस्पष्टतालाई थप स्पष्ट पार्न तथा दिशान्तर सम्बन्धी अभिलेखीकरणलाई व्यवस्थित गर्न उपयुक्त देखिएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १०. | दफा ३० को उपदफा (६) | उपदफा (१)मा जुनसुकै कुरा लेखिएकव भएतापनि कुनै कसुर जन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्याक्ति संलग्न भएमा बालबालिकाको हकमा बाल अदालतबाट कारवाही, किनारा र सुनुवाइ गर्नु पर्नेछ र उमेर पुगेका व्याक्तिको हकमा छुट्टै मिसिल खडा गरी प्रचलित कानून बमोजिम मुद्दाको कारवाही, सुनुवाइ र किनारा गर्नु पर्नेछ। | कुनै कसूरजन्य कार्यमा बालबालिका सहित उमेर पुगेका व्यक्ति संलग्न भएमा त्यस्तो मुद्दा बाल अदालतबाट कारवाही सुनुवाइ र किनारा गर्नु पर्नेछ। | जिल्ला अदालतमा पेश भइसकेको बालबालिका संलग्न रहेको मुद्दामा मिसिल अलग गर्ने व्यवस्था व्यवहारिक नरहेको र सम्बन्धित बाल इजलासले नै हेर्ने व्यवस्था रहेकोले अलग मिसिल खडा गर्न आवश्यक नपर्ने हुँदा सो वाक्यांश झिक्न उपुक्त देखिएकोले। |
| ११. | दफा ३६ को उपदफा (१) | कसूरजन्य कार्य गर्दा बालबालिकाको उमेर **दश बर्षभन्दा** कम भए निज उपर कुनै प्रकारको मुद्दा चलाईने र निजलाई कुनै किसिमको सजाय हुने छैन। | **“दश बर्षभन्दा”** भन्ने शब्दहरुको सट्टा **“बाह्र बर्षभन्दा”** भन्ने शब्दहरु राखे। | अन्तरराष्ट्रिय अभ्याससँग मिलान हुने गरी कानूनी व्यवस्था गर्न उपयुक्त देखिएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १२. | दफा ३६ को उपदफा (२) | **दश बर्ष** वा सो भन्दा माथि र चौध बर्षभन्दा कम उमेरको बालबालिकाले जरिवाना हुने कसूरजन्य कार्य गरेको भए निजलाई सम्झाई बुझाई छाडिनेछ र कैद हुने कसूरजन्य कार्य गरेको भए कसूरको प्रकृती हेरी छ महिनासम्म **कैद सजाय गर्न वा कैद नगरी बढीमा एक बर्षसम्म** बाल सुधार गृहमा राखिनेछ। | **"दश बर्ष"** भन्ने शब्दहरुको सट्टा **"बाह्र बर्ष"**भन्ने शब्दहरु राखि **"कैद सजाय गर्न वा कैद नगरी बढीमा एक वर्षसम्म"** भन्ने शब्दहरू झिक्ने। | बालन्यायको सन्दर्भमा सर्वोच्च अदालतबाट प्रतिपादित न्यायिक सिद्वान्त अनुसार चौध वर्षभन्दा कम उमेरको बालबालिकालाई सजाय गर्नुपर्दा ६ महिनासम्म कैदसजाय गर्ने र सो अवधि बालसुधार गृहमा नै रहने भएको सन्दर्भमा बाल सुधार गृहमा एक वर्षसम्म राख्ने विषय सान्दर्भिक नरहेकोले सो प्रावधानलाई झिक्न उपयुक्त देखिएकोले। |
| १३. | दफा ३६ को उपदफा (३) | चौध वर्ष वा सोभन्दा माथि र सोह्र वर्षभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको आधा सजाय हुनेछ । | "तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको आधा सजाय गर्दा पाँच वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।" | वालबालिकालाई हुने सजायमा न्यूनतम सजाय गर्न उपयुक्त हुने। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १४. | दफा ३६ को उपदफा (४) | सोह्र वर्ष वा सोभन्दा माथि र अठार वर्ष वा सोभन्दा कम उमेरको बालबालिकाले कुनै कसूरजन्य कार्य गरेको भए निजलाई कानून बमोजिम उमेर पुगेको व्यक्तिलाई हुने सजायको दुई तिहाई सजाय हुनेछ । | "तर त्यसरी उमेर पुगेको व्यक्तिलाई हुने कैद सजायको दुई तिहाई सजाय गर्दा सात वर्षभन्दा बढी अवधि हुने गरी सजाय गरिने छैन।" | वालबालिकालाई हुने सजायमा न्यूनतम सजाय गर्न उपयुक्त हुने। |
| १५. | दफा ३६ को उपदफा (४क) | नयाँ व्यवस्था थप गरिएको । | "(४क) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल अदालतको आदेश बमोजिम तिर्नु पर्ने क्षतिपूर्तिको रकम बालबालिकाले तिर्न नसकेमा सो बापत निजलाई बाल सुधार गृहमा राखिने छैन।" | (४क):क्षतिपूर्ति तिर्न नसके वापत बालबालिकालाई थप कैद सजायको दायित्व व्यहोर्नु नपर्ने व्यवस्था गर्न उपयुक्त देखिएकोले। |
| १६. | दफा ३६ को उपदफा (५क) | नयाँ व्यवस्था थप गरिएको । | "(५क) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२), (३) वा (४) बमोजिम सजाय ठहर भएको बालबालिका अठार वर्ष उमेर पूरा भएपछि फेला परेमा वा बाल अदालतमा हाजिर हुन आएमा बाल अदालतले त्यस्तो व्यक्तिलाई सजाय भएको अवधिको लागि प्रचलित कानून बमोजिम कैदमा पठाउनु पर्नेछ।" | कसूरजन्य कार्यको आरोप वा अभियोग लागेको र कैद सजाय ठहर हुँदा उपस्थित नभएको र लामो समय पश्चात वयस्क अवस्थामा पुगेपछि मात्र फेला पर्ने वा अदालतमा हाजिर हुन आउने |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| | | | | प्रवृतिलाई निरुत्साहित गर्न र अदालतबाट भएको फैसला कार्यान्वयनलाई सहजीकरण गर्नेको लागि उपयुक्त देखिएकोले। |
| १७. | <u>दफा ३८</u> | <u>सुधार अवधि घटाउन वा छुट दिन सक्नेः-</u><br><br>(१)बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह,कुनै संस्था वा व्यवहारमा सन्तोषजनक सुधार आएमा बाल कल्याण अधिकारीले त्यस्तो बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन बाल अदालत समक्ष सिफारिस गर्न सक्नेछ।<br><br>(२)उपदफा (१)बमोजिम प्राप्त भएको सिफारिस जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिव देखिएमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ। | "३८. **<u>सुधार अवधि घटाउन, छुट दिन वा प्यारोलमा राख्न सकिनेः</u>** (१) बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृह, कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको सुधार अवधि घटाउन वा छुट दिन उपयुक्त हुने देखेमा बाल सुधार गृहमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले र अन्य कुनै संस्था वा व्यक्तिको संरक्षण, जिम्मा वा निगरानीमा रहेको बालबालिकाको हकमा सम्बन्धित बाल कल्याण अधिकारीले देहायका विवरण तथा कागजात संलग्न गरी बाल अदालतमा सिफारिस गर्न सक्नेछः-<br><br>(च) बानी, व्यहोरा र आचरणमा आएको सुधार,<br>(छ) आर्जन गरिरहेको सीप वा शिक्षाको निरन्तरता,<br>(ज) निरन्तर रूपमा उपचार गराई राख्नु पर्ने दीर्घ वा कडा रोग वा निको नहुने रोग लागेको भनी नेपाल सरकारबाट मान्यताप्राप्त चिकित्सकको सिफारिस, | बाल सुधार गृहमा भएमा बालबालिकामा आएको सुधारको अवस्था हेरी पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनस्थापना गर्न उपयुक्त देखिएकोले |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| | | | (झ) समाज तथा परिवारप्रति निजको सकारात्मक धारणा,<br>(ञ) व्यतित गर्न बाँकी रहेको सुधार अवधि।<br>(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा सुधार अवधि घटाउन वा छुट दिन मनासिब देखेमा बाल अदालतले बालबालिकाको बाँकी सुधार अवधि घटाउन वा छुट दिन सक्नेछ।<br>(३) कुनै पनि कसूरजन्य कार्य गरी बाल अदालतको निर्णय बमोजिम बाल सुधार गृहमा रहेको बालबालिका वा अठार वर्ष उमेर पुगेको व्यक्तिलाई प्यारोलको सुविधा दिन उपयुक्त देखेमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले उपदफा (१) बमोजिमको विवरण तथा कागजात संलग्न गरी प्रचलित कानून बमोजिमको प्रोवेशन तथा प्यारोल बोर्ड समक्ष सिफारिस गर्न सक्नेछ।" | |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १८. | दफा ४२क. | नयाँ व्यवस्था थप गरिएको । | "४२क. <u>प्रहरी हिरासतमा राख्न सकिनेः</u> (१) दफा ४२ मा जुनसुकै कुरा लेखिएको भए तापनि बाल सुधार गृहमा रहेको अठार वर्ष उमेर पूरा भएको व्यक्तिले प्रचलित कानून बमोजिम फौजदारी कसूर मानिने कुनै कार्य गरेमा अनुसन्धानको लागि अदालतको अनुमतिमा प्रहरी हिरासतमा राख्न सकिनेछ।<br><br>(२) उपदफा (१) बमोजिम अनुसन्धानको लागि हिरासतमा राखिएको व्यक्ति उपर अनुसन्धान सम्पन्न भई अभियोजन भएमा अदालतले प्रचलित कानून बमोजिम धरौटी वा जमानत माग गर्न वा कैदमा राख्नको लागि कारागारमा पठाउन सक्नेछ।" | बालसुधार गृहभित्रको बालबालिकाको हितलाई ध्यानमा राखी फौजदारी कसुर गर्ने अठार वर्ष उमेर पूरा भएको व्यक्तिलाई बाल सुधार गृह राख्न उचित नभएकोले । |
| १९. | दफा ४३ को उपदफा (३क) | नयाँ व्यवस्था थप गरिएको । | “(३क) बाल सुधार गृहमा कुनै कारण सुरक्षा कायम गर्न चुनौती देखिएमा सुरक्षाकर्मी प्रवेश गरी आवश्यक सुरक्षा कारबाही गर्न वा बल प्रयोगको सिद्धान्त बमोजिम न्यूनतम बल प्रयोग गर्न सक्नेछ।<br><br>तर त्यस्तो बलको प्रयोग अन्तिम उपायको रूपमा मात्र गर्न पाइनेछ।” | बालसुधार गृहमा विगतमा घटेका घटनाहरुलाई विचार गर्दा वालसुधार गृहमा शान्ति सुरक्षा कायम गर्न न्यूनतम वल प्रयोग गर्न आवश्यक आवश्यक देखिएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
| --- | --- | --- | --- | --- |
| | | | | |
| २०. | दफा ४३क | नयाँ व्यवस्था थप भएको । | "४३क. <u>कारागारमा पठाउन सिफारिस गर्न सक्नेः</u> (१) बाल सुधार गृहमा रहनु पर्ने अवधि पूरा नहुँदै त्यस्तो गृहमा रहेको बालबालिकाको उमेर अठार वर्ष पूरा भएमा र निजमा सकारात्मक सुधार आएको नदेखिएमा वा निजको व्यवहारको कारणले बाल सुधार गृहमा राखिराख्न नसकिने भएमा सम्बन्धित बाल सुधार गृहको प्रमुखले त्यस्तो व्यक्तिलाई कारागारमा पठाउनको लागि बाल सुधार गृह रहेको जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष सिफारिस गर्न सक्नेछ।<br>(२) उपदफा (१) बमोजिम प्राप्त सिफारिस उपर जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कारागारमा पठाउन मनासिब देखिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई नजिकको कारागार पठाउनेछ।<br>(३) उपदफा (२) बमोजिम कारागार पठाइएको जानकारी बाल सुधार गृहको प्रमुखले सात दिनभित्र सम्बन्धित बाल अदालतलाई दिनुपर्नेछ।" | बालसुधार गृहमा विगतमा घटेका घटनाहरुलाई विचार गर्दा बालबालिकाका मुद्दा पुर्पक्ष वा सुधार अवधि भुक्तानका लागि बाल सुधार गृहमा रहेको अवस्थामा अठार वर्ष उमेर पूरा भएपछि निजको आचरणमा सुधार नभएमा बाल सुधार गृहमा राखिराख्न उचित नदेखिएकोले । |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| २१. | दफा ४४ को उपदफा (१) | बाल सुधार गृहमा रहेका कुनै बालबालिकालाई कुनै दिर्घ वा कडा रोग लागेको कारण निरन्तर रुपमा उपचार गराइ राख्नुपर्ने भएमा वा कुनै बालबालिकाको मानसिक वा शारीरिक रुपमा अशक्त भइ वा निज **नशालु पदार्थ**को कुलतमा लागेको कारण निजलाई अनेत्र सार्नको लागि सम्वन्धित चिकित्सकले सिफारिस गरेमा बाल अदालतले त्यस्तो बालबालिकालाई निश्चित अवधिका लागि अन्य ठाँउमा सार्नका गरी आदेश दिन सक्नेछ। | "नशालु पदार्थको" भन्ने शब्दहरूको सट्टा "नशालु पदार्थ वा लागू औषधको" भन्ने शब्दहरू राखिएका छन्। | लागुऔषध समेत थप गर्नुपर्ने भएकोले। |
| २२. | दफा ४८ को उपदफा (१) को खण्ड (घ) | **कानूनी विवादमा परेका** बालबालिका मध्य दिशान्तर प्रक्रिया अन्तर्गत बैकल्पिक हेरचाहका लागि सिफारिस भएका बालबालिका, | **"कानूनी विवादमा परेका"** भन्ने शब्दहरूको सट्टा **"कानूनको विवादमा परेका"** भन्ने शब्दहरू राख्ने। | ऐनको दफा २ को खण्ड (घ) ले गरेको परिभाषा अनुसार कानूनको विवादमा परेका बालबालिका भन्ने शब्दावली ऐनमा प्रयोग भएकोले एकरुपता कायम गर्न आवश्यक देखिएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| २३. | दफा ५६ को उपदफा (१) | यस परिच्छेद बमोजिम कुनै संस्थाले संरक्षकको जिम्मेवारी पाएको भएमा त्यस्तो संस्था प्रमुख बालबालिकाको हेरचाह तथा पालनपोषणको लागि **अन्तिम जिम्मेवार** मानिने छ । | "अन्तिम जिम्मेवार" भन्ने शब्दको सट्टा " पूर्ण जिम्मेवार" भन्ने शब्दहरु राखिएका छन्। | थप स्पष्ट गर्न आवश्यक रहेकोले । |
| २४. | दफा ५८ को उपदफा (२) | उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रूपमा प्रदेशस्तरको बाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ । | "र स्थानीय तहको बाल अधिकार समिति" भन्ने शब्दहरू झिकिएका छन्। | थप स्पष्ट पार्न आवश्यक रहेकोले । |
| २५. | दफा ६० को उपदफा (२) | प्रत्येक स्थानीय तहमा **गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा** स्थानीय बाल अधिकार समिति रहने छ । | "गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा" भन्ने वाक्यांशको सट्टा "सम्वन्धित स्थानीय तहको अध्यक्ष वा प्रमुखको अध्यक्षतामा" भन्ने वाक्यांश राख्ने । | स्थानीय तहको प्रमुखको अध्यक्षतामा हुँदा प्रभावकारी हुने भएकोले । |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| २६. | दफा ६५ | बालबालिकाको अधिकार प्रचलन गराउने:(१) दफा ६४ मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले परिच्छेद–२ बमोजिमको बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद–३ बमोजिमको बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्बन्धित बालबालिका वा सरोकारवालाले सम्बन्धित **उच्च अदालत**मा सोझै निवेदन दिन सक्नेछ ।<br><br>(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा **उच्च अदालत**ले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी बालबालिकाको अधिकारको प्रचलन गराउन वा बालबालिकाप्रतिको दायित्व पूरा गराउन सम्बन्धित व्यक्ति, संस्था वा निकायका नाउँमा उपयुक्त आदेश जारी गर्न सक्नेछ ।<br><br>(३) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा संरक्षक वा परिवारका | ठाउँ ठाउँमा रहेका **"उच्च अदालत"** भन्ने शब्दहरूको सट्टा **"बाल अदालत"** भन्ने शब्दहरू राख्ने। | बालबालिका सम्बन्धी ऐन, २०७५ मा बालबालिकाको हक हित सम्बन्धी सबै विषयको अधिकारक्षेत्र बाल अदालतलाई हुने कानूनी व्यवस्था रहेको र उच्च अदालतले पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गर्ने भएकोले उच्च अदालतमा सिधै निवेदन लाग्ने व्यवस्थाको सट्टा बाल अदालतमा निवेदन दिने व्यवस्था गर्न उपयुक्त हुने देखिएकोले। |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| | | कुनै सदस्यले बालबालिकाको अधिकारको उल्लङ्घन वा बालबालिकाप्रतिको दायित्व पूरा गरेको नदेखिएमा **उच्च अदालत**ले त्यस्तो संरक्षक वा परिवारका सदस्यलाई बालबालिकाको अधिकारको विषयमा आवश्यक जानकारी गराई पुनः बालबालिकाको अधिकारको उल्लङ्घन नहुने वा निजप्रतिको दायित्व पूरा गर्ने प्रतिबद्धता प्रकट गर्न लगाउनु पर्नेछ ।<br><br>(४) उपदफा (२) बमोजिम आदेश जारी गर्दा **उच्च अदालत**ले बालबालिकाको अधिकार उल्लङ्घन गर्ने वा बालबालिकाप्रतिको दायित्व पूरा नगर्ने व्यक्ति, संस्था वा निकायका प्रमुखलाई सचेत गराउन वा यस ऐन बमोजिम सजाय गर्न र निजबाट क्षतिपूर्ति भराउने आदेश गर्न सक्नेछ । | | |

| क्र.सं. | दफा/उपदफा | हालको व्यवस्था | प्रस्तावित तथा थप व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| २७. | दफा ७३ को उपदफा (५) | नयाँ व्यवस्था थप गरिएको । | "(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाले कुनै कसूरजन्य कार्य गरी क्षतिपूर्ति तिर्न नसक्ने अवस्था भएमा पीडित बालबालिका भए निजलाई दफा ६३ बमोजिमको बाल कोषबाट क्षतिपूर्ति भराई दिइनेछ र पीडित वयस्क व्यक्ति भएमा निजलाई प्रचलित कानून बमोजिमको पीडित राहत कोषबाट क्षतिपूर्ति भराई दिइनेछ।" | क्षतिपुर्तिलाई वस्तुनिष्ठ बनाउन आवश्यक देखिएकोले । |
| २८. | दफा ८३ को खण्ड (क) | अस्पतालबाट जारी भएको बालबालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति, | झिकिएको छ । | खण्ड (घ) मा अस्पताल उल्लेख भएको हुनाले मिलाइएको । |
| २९. | दफा ८३ को खण्ड (ख) | **खण्ड (क) बमोजिमको जन्म मिति नभएमा** स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाणपत्रमा उल्लेख भएको जन्म मिति, | **"खण्ड (क) बमोजिमको जन्म मिति नभएमा"** भन्ने शब्दहरु झिकिएका छन् । | खण्ड (क) हटाइएको हुनाले मिलाइएको । |